सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अकं २२ संवत २०८२ साल बैशाख ०३ गते https://sarumaranimun.gov.np

## कुसुण्डा भाषा सम्बन्धी राष्ट्रिय स्तरको १५ दिने आधारभूत सम्पन्न




सरूमारानी गाउँपालिकामा लोपोन्मुख कुसुण्डा भाषा सम्वन्धी राष्ट्रिय स्तरको १५ दिने आधारभुत तालिम मिति२०८१/१२/०५ गते समापन भएको छ । सरूमारानी गाउँपालिकाको आयोजनामा गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा, संविधान सभा सदस्य माननीय धन बहादुर रायमाझीको प्रमुख आतिथ्यतामा, गाउँपालिकाका उपाध्यक्ष बसन्ता खडका,भाषा विज्ञ तथा सोधकर्ता उदय राज आले मगर,कुसुण्डा विकास समितिका केन्द्रीय अध्यक्ष धन बहादुर कुसुण्डा,कार्यपालिका सदस्यहरू अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरू र कुशुण्डा भाषा प्रशिक्षार्थिको सहभागीतामा ,निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण आचार्यको संचालनमा "कुसुण्डा भाषा सम्बन्धी राष्ट्रिय स्तरको आधारभुत तालिम सरूमारानी ४ स्थित बहुउद्देश्यीय सभाहल बड्डाँडामा सम्पन्न भएको छ । उक्त तालिम मिति २०८१ फाल्गुन १९ गते देखि २०८१ चैत्र ४ गते सम्पन्न भएको छ ।तालिममा सहभागी प्रशिक्षार्थिहरूलाई प्रमाणपत्र वितरण साथै तालिम प्रशिक्षकहरूलाई मायाको चिनो प्रदान गरि कार्यक्रम समापन गरिएको हो ।



## अन्तरक्रिया कार्यक्रम सम्पन्न



भुमी समस्या समाधान सम्वन्धी अन्तरक्रिया कार्यक्रम सरूमारानी गाउँपालिकामा सम्पन्न । सरूमारनी गाउँपालिका र भुमी समस्या समाधान आयोग जिल्ला समिति प्युठानकव आयोजनामा समितिका अध्यक्ष सुभास केसिको अध्यक्षतामा,भुमि समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष माननीय हरि प्रसाद रिजालको प्रमुख आतिथ्यतामा,संविधान सभा सदस्य माननीय धन बहादुर रायमाझीको विशेष आतिथ्यतामा,सरूमारनी गाउँपालिका अध्यक्ष झग बहादुर विश्वकर्मा,उपाध्यक्ष बसन्ता खडका,भुमि आयोगका जिल्ला सदस्यहरू,राजनीतिक दलका पालिका स्तरीय पार्टी अध्यक्ष तथा प्रतिनिधिहरूको आतिथ्यतामा ,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू,शाखा प्रमुखहरू ,भुमी समस्या संग सम्बन्धित भुमिहिन तथा अव्यवस्थित बसो बासीहरूको सहभागीतामा ,प्रवक्ता चिन्त सोमै मगरको स्वागतमा र निमित्त प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण आचार्यको संचालनमा भुमी समस्या समाधान सम्वन्धी अन्तरक्रिया कार्यक्रम बहुउद्देश्यीय सभाहल बड्डाँडामा मिति २०८१-१२-१० गते सम्पन्न भएको छ।

भुमिहिन दलित ३२ घरधुरी,भुमिहिन सुकुम्बासी ४६ घरधुरी र अव्यवस्थित बसोवासी ३६२ घरधुरी गरि ४४० घरधुरी यस समस्यामा रहेका छन। भुमि समस्या समाधानको लागि प्रक्रियागत हिसाबले ७ चरण पूरा गर्नु र सरूमारानी गाउँ पालिकाले ४ चरण पूरा गरिसकेको हुँदा छिट्टै समस्या समाधान हुने आयोगका केन्द्रीय अध्यक्ष माननीय हरि प्रसाद रिजालले बताउनु भएको छ।



# प्रमुख प्रशासकीय अधिकृत ज्यूको स्वागत तथा कर्मचारीहरुको नियमित बैठक सम्पन्न



सरुमारानी गाउँपालिकामा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का ज्यूलाई गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता तथा कर्मचारीहरु बाट स्वागत गरिएको छ। साथै सरुवा भई आउनु भएका नयाँ प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का ज्यूको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बैठक मिति २०८१।१२।१४ गते सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी, वडा सचिव ,स्वास्थ्य प्रमुख लगाएत कर्मचारीको उपस्थित थियो । कर्मचारीहरुले बैठकमा आ.व.२०८१।०८२ को दोस्रो चौमासिक सम्मको प्रगति प्रतिवदन तथा आगमी कार्य योजना बारेमा विवरण प्रस्तुत गर्नुका भएको थियो।





सम्पर्क नंः

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः त्रिविक्रम खड्का (९८५७८३६०२२)

सूचना अधिकारीःशिव राज न्यौपाने (९८५७८६८०२७)


**प्रकाशकः**

**सरुमारानी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**बङ्गाँडा,प्यूठान ।**



**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**